☎०२१-५०३०४०
ईमेल:pmamp.piu.morang @gmail.com

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

## कार्यक्रम कार्यान्वयन एकाइ

मोरङ्ग

सुचना नं.-३
(प्रथम पटक प्रकाशित मिति :२०८२/०५/२ गते)

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, मोरङ्गको चालु आ.व. ०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको **कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम** संचालन गर्नुपर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत **कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२** बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमीहरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन भित्र अर्थात् (मिति २०८३/०५/२२ गते भित्र) यस कार्यालयमा अनुसूची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूचि-३ अनुसारको ढांचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ।

तपसिल

| क्र.सं. | कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रम संचालन हुने क्षेत्र | कार्यक्रम संचालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु | लक्ष्य | स्वीकृत बजेट( रु लाखमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम | १६ देखि ४० वर्ष उमेर समूहभित्रका युवा कृषक वा कृषि उद्यमी | मोरङ्ग तथा सुनसरी जिल्लाभरि | कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ को दफा ४ मा उल्लेख भए बमोजिम | २८ पटक | ११२ | प्रस्ताव अनुसार सम्झौता भई कार्य सम्पादनको आधारमा कूल लागतको बढीमा ५०% वा चार लाख रुपैयामध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरुप बैंक खातामा भुक्तानी गरिने। |

निवेदन साथ संलग्न कागजातहरुः-

(१) कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।

(२) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
मोरङ
☎०२१-५०३०४०
ईमेल:pmamp.piu.morang @gmail.com

(३) कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसंग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसंग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।

(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.व.सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।

(५) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।

(६) सहकारी संस्था/कृषि समुहकको हकमा सम्बन्धित संस्थाको निर्णयको प्रतिलिपि।

(७) समूह/सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित समूह/सहकारी संस्थाको सिफारिस पत्र।

(८) एक भन्दा बढी स्वामित्व भएको कम्पनी/संस्थाको हकमा कार्यक्रम गर्ने व्यक्ति/आधिकारिक व्यक्ति छनौट/निर्णयको प्रतिलिपि।

(९) सम्बन्धित स्थानिय तह/वडाको सिफारिस।

**द्रष्टव्य:-**

**कृषि तथा पशुपन्छी उद्यमशीलता विकास** कार्यक्रम संचालन कार्यविधि, २०८२ को दफा ४ मा उल्लेख भए बमोजिम **कार्यक्रम संचालन हुने बाली/वस्तु तथा मूल्य-श्रृंखलाका क्षेत्र:**

(क) तरकारीको व्यवसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण।

(ख) तरकारीको बीउ-बेर्ना उत्पादन, प्रशोधन तथा भण्डारण।

(ग) दुग्धजन्य वस्तुको प्रशोधन तथा विविधिकरण, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात।

(घ) च्याउ बीउ उत्पादन, च्याउ प्रशोधन, भण्डारण र बजारीकरण।

(ङ) मासुजन्य पदार्थको भण्डारण,प्रशोधन र बजारीकरण।

(च) अदुवा, बेसार र मसलाजन्य बालीको प्रशोधन तथा बजारीकरण।

(छ) मौरीपालन व्यवसाय र मह प्रशोधन।

(ज) जौ, फापर, सिलाम, कोदो,चिनो, कागुनो लगायत रैथाने बालीको उत्पादन,प्रशोधन तथा बजारीकरण।

(झ) प्राङ्गारिक, गड्यौली मल वा जैविक मल उत्पादन तथा बजारीकरण।

(ञ) बागवानी नर्सरी स्थापना तथा विकास, पुष्प व्यवसाय, टिस्यु-कल्चर प्रविधिबाट बीउ र विरुवा उत्पादन गर्ने व्यवसाय।

(ट) फलफुल प्रशोधन र बजारीकरण।

(ठ) खाद्यान्नको बीउ उत्पादन तथा प्रशोधन।

(ड) ग्रीन हाउसभित्र उत्पादन गरिने बालीहरुको उत्पादन, प्रशोधन र भण्डारण।

(ढ) साना तथा मझौला खालका कोल्ड च्याम्वर स्थापना तथा सञ्चालन।

☎०२१-५०३०४०
ईमेल:pmamp.piu.morang @gmail.com

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
## कार्यक्रम कार्यान्वयन एकाइ
## मोरङ्ग

(ण) घाँसबाट हे (Hay),साईलेज (Silage) तथा हेलेज (Haylage) उत्पादन व्यवसाय।

(त) प्राङ्गारिक कृषि बस्तु निर्यात।

(थ) व्यवसायिक पशुपन्छी, मत्स्य पालन उत्पादन र प्रशोधन।

(द) जैविक विषादी, प्राङ्गारिक विषादी, वनस्पतिजन्य विषादी उत्पादन,प्रशोधन तथा बजारीकरण।

**नोटः अनुसूची-२ अनुसारको आवेदन तथा अनुसूची-३** अनुसारको ढांचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्तावना पत्र कार्यक्रम कार्यान्वयन एकाइ,मोरङ्गको वेभसाईट-www.piumorang.namp.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

**थप जानकारीको लागि कार्यक्रम कार्यान्वयन एकाइ, मोरङको फोन नं. ०२१-५०३०४० / कृषि अधिकृत/सूचना अधिकारी ९८६२१६०६२१ र जोन प्राविधिक एकाइ सुनसरीको फोन नं. ०२५-५६०६७४/ कृषि अधिकृत ९८४२९२७३२४/९८५२०६०१२४ मा सम्पर्क राख्न सकिने छ ।**

इमेल: pmamp.piu.morang.@gmail.com

वेभ पेज: www.piumorang.namp.gov.np

मनोज कुमार यादव
वरिष्ठ कृषि अधिकृत